https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

# सूचना मेरो अधिकार

वर्ष ३ । अंक १ । साउन-असोज २०७९

Quarterly RTI News Bulletin




## 'विकासका लागि कानुन बाधक बन्न हुन्न'

संघीय संसद् प्रतिनिधिसभाका सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाले राज्यका तीनै निकायमा रहनेहरूको इच्छाशक्ति र नियत सफा भए सबै चुनौतीलाई परास्त गर्न सकिने बताउनु भएको छ । सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा असोज १२ गते काठमाडौं आयोजित विचार गोष्ठीमा मन्तव्य राख्दै सभामुख सापकोटाले सो कुरा बताउनु भएको हो ।

प्रविधिमा आएको विकाससँगै दर्शन, विचार र सिद्धान्तमा समेत बहस हुन जरूरी रहेको बताउँदै सभामुख सापकोटाले भन्नुभयो, 'अन्त्यमा हामीलाई अगाडि बढाउने भनेकै विचार, दर्शन र विज्ञानले नै हो ।' विख्यात वैज्ञानिक बन्न नसके पनि सोच्ने दायरालाई फराकिलो बनाउन जरूरी रहेकोमा जोड दिंदै सभामुख सापकोटाले विज्ञान र प्रविधिको चरम विकास भइरहेको समयमा प्रविधि र विज्ञानमा अनभिज्ञ हुनु लज्जाको विषय रहने विचार व्यक्त गर्नु भयो । प्रविधिको विकासले नयाँ नयाँ चुनौती ल्याएको र ती चुनौतीसँग सामना गर्न आफूलाई तिखार्दै लानु पर्नेमा विशेष जोड दिंदै द्रूत गतिमा विकास भइरहेको सूचना प्रविधिप्रति जानकार हुन सकेमात्र सफल जीवन जीउन सकिने धारणा सभामुख सापकोटाले व्यक्त गर्नु भयो ।

प्रविधिको विकासलाई सही ढंगले प्रयोग गर्न सकेमा विश्वमा आइरहेको जलवायु

परिवर्तनवाट उत्पन्न हुने जोखिमलाई पनि न्यूनीकरण गर्न सकिने तथा यसको सही प्रयोग गर्न सके चामत्कारिक परिवर्तन गर्न सकिनेमा दुईमत नहुने भनाइ राख्दै सभामुख सापकोटाले भन्नु भयो, 'हाम्रा अध्ययन, अनुसन्धान र तथ्याङ्कको कुरा गर्ने हो भने जुन प्रकारले विश्वमा प्रविधिको विकास भइरहेको छ; त्यसको तुलनामा हाम्रो स्थिति दयनीय रहेको छ ।' कृत्रिम बौद्धिकता (Artificial Intelligence) का बारेमा जति आवश्यक पर्ने हो त्यति छलफल हुन नसकेको धारणा व्यक्त गर्दै सभामुख सापकोटाले यसप्रतिको अनभिज्ञताले असान्दर्भिक हुने खतरा रहेको बताउनु भयो ।

विज्ञान र प्रविधिसँग सम्बन्धित यस्ता विषय प्रवचन दिएजस्तो सजिलो विषय नभएकोमा जोड दिंदै सभामुख सापकोटाले कानुन भनेको चेतना र परिस्थितिको उपज भएकोले विज्ञान र प्रविधिको विकासका लागि कानुन बाधक

विश्वका १३२ भन्दा बढी राष्ट्रमा सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनमा आइसकेको र नेपाल समेत सदस्य रहेको सं.रा.सं.ले घोषणा गरेको यो दिन सूचनाको हकको क्षेत्रमा लागि पर्नेहरूका लागि महत्वपूर्ण दिनका रूपमा रहेको भनाइ प्रमुख सूचना आयुक्त गुरूङले राख्नु भयो ।

शिक्षित, चेतनशील नागरिक र कर्मचारीले समेत पनि सूचना नपाइरहेको गुनासा आइरहेको आजको अवस्थामा आयोग लगायत यो क्षेत्रमा कार्यरत संस्थाहरू अझै पनि नागरिक तहसम्म पुग्न नसकेको अवस्था विद्यमान रहेको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरूङले २०४७ सालको संविधानमै सूचनाको हकको व्यवस्था गरिएको भए पनि राजनीतिक दल र तिनका प्रतिनिधि, आमनागरिक सबैको योगदानको प्रतिफलस्वरूप २०६२/६३ को जनआन्दोलनपश्चात् सूचनाको हकसम्बन्धी

र त्यसका १ लाखभन्दा बढी पेजलाई Digitization गरिसकिएको र यसलाई सम्बन्धित सबैले हेर्न सक्ने बनाउने प्रयासमा समेत आयोग गम्भीरतापूर्वक लागिरहेको जानकारी पनि प्रमुख सूचना आयुक्त गुरूङले गराउनु भयो ।

स्थानीय तहसँग सम्बन्धित विषयमा सूचना माग्ने क्रम बढेको उल्लेख गर्दै आयोगमा आउने पुनरावेदनमध्ये ८० प्रतिशतभन्दा बढी पुनरावेदन स्थानीय तहसँग सम्बन्धित रहेको प्रमुख सूचना आयुक्त गुरूङले बताउनु भयो । त्यस्तै आयोगले प्रदेश तहमा गरेको सूचनाको हकको कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ को सम्माननीय सभामुखबाट सार्वजनिकीकरण भएकोमा उहाँप्रति आभार व्यक्त गर्दै आयोगको स्रोतसाधनले भ्याएसम्म आगामी दिनमा यस्ता प्रतिवेदन स्थानीय तहको पनि तयार पार्न पहल गर्ने प्रमुख सूचना आयुक्त गुरूङले बताउनु भयो ।






बन्न नहुने बताउनु भयो । सूचना जति प्रवाह गर्‍यो त्यत्तिकै फाइदाजनक हुने त्यसले नागरिकलाई शक्तिशाली बनाउने बताउँदै सभामुख सापकोटाले प्रविधिसँगै पूर्वाधारको विकास गर्न सकेमात्र सम्पन्न र समृद्धशाली हुन सकिने भएकोले पछि कुनै समस्या आउँछ कि भनेर शुरूवाती अवस्थामै सचेत हुँदै राज्यको क्षमता बढाउनु पर्नेमा जोड दिनु भयो ।

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङले सूचना माग्न र सूचना माग्नका लागि सबैलाई उत्प्रेरित गर्न जरूरी रहेकोमा जोड दिंदै नागरिकको हकलाई बलियो बनाउने माध्यम संविधानमा राखेर, कानुन बनाएर, प्रतिबद्धता व्यक्त गरेर यसको पालना गरेरमात्र यो दिवस मनाउनुको सार्थकता रहने बताउनु भयो ।

ऐन, २०६४ जारी भएको र नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हकलाई मौलिक हकको रूपमा राखिएको स्मरण गराउनु भयो । कानुनको कार्यान्वयन गर्दै जाँदा चुनौतीहरू आउने र चुनौतीहरूलाई सामना गर्दै जानुपर्नेमा जोड दिंदै प्रमुख सूचना आयुक्त गुरूङले डिजिटल नेपाल फ्रेमवर्कलाई सूचना प्रविधियुक्त बनाउने र Artificial Intelligence, e-governance ले थुप्रै अवसरहरू ल्याउने र यसको सदुपयोग गर्न जान्नु पर्ने बताउनु भयो ।

सूचना माग गर्दा र पुनरावेदन गर्दा पनि अनलाइन प्रणालीमार्फत् गर्न सकिने गरी आयोगले प्राविधिक तयारी गरिरहेको तथा नेपाल दूरसञ्चार प्राधिकरणको सहयोगमा ९ हजारभन्दा बढी पुनरावेदनका फाइल

नेपाल सरकारले ल्याएको डिजिटल नेपाल फ्रेमवर्कले सूचनाको हकलाई कसरी चासोका साथ लिन्छ र त्यसलाई अभिलेखीकरण कसरी गर्न सकिन्छ भन्ने दिशातर्फ पनि ध्यान दिनु जरूरी रहेको बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले Artificial Intelligence प्रणालीभित्र रहने नागरिकका व्यक्तिगत विवरणको दुरूपयोग हुनबाट रोक्नलाई गोपनीयताको कुरालाई कसरी सुरक्षित राख्न सकिन्छ भन्नेतर्फ पनि समयमै ध्यान दिनु पर्ने बताउनु भयो ।

आयोगलाई संवैधानिक बनाउन आवश्यक रहेको भनी उठेको बहसतर्फ इङ्गित गर्दै प्रमुख सूचना आयुक्त गुरूङले यसको समाधान जनप्रतिनिधि र विधायिकाले गर्ने विश्वास व्यक्त गर्नु भयो । सामान्य नागरिकले

सूचना दूरूपयोग गर्छन् भन्ने आफूलाई नलागेको र यदि त्यसो गरेको प्रमाणित भएमा कानुनबमोजिम कारवाही गर्न आयोग तयार रहेको बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले नागरिकले मागेको सूचनालाई सकारात्मक हिसावले लिइदिन आग्रह गर्नुभयो ।

स्मरणीय छ, संयुक्तराष्ट्र संघको ७४ औं महासभाले १५ अक्टोबर २०१९ मा सेप्टेम्बर २८ लाई प्रत्येक बर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । यसै सन्दर्भमा यस वर्ष Artificial Intelligence, e-governance& Access to information : Promotion of Right to information 'कृत्रिम बौद्धिकता र विद्युतीय शासन : सूचनाको हकको प्रवर्द्धन' भन्ने शीर्षकमा केन्द्रित रही कार्यक्रम आयोजना गरिएको थियो । सूचना प्रविधि, विद्युतीय शासन र Artificial Intelligence को प्रयोग बढ्दै जाँदा यसबाट सूचनाको हकको प्रयोगमा प्राप्त हुने अवसरहरूको सदुपयोग र चुनौतीहरूको सामना गर्दै जान सकियोस् भन्ने विषयमा केन्द्रित रही २०७९ असोज १२ गते नेपाल दूरसञ्चार प्राधिकरणसँगको सहकार्यमा राष्ट्रिय सूचना आयोगले राष्ट्रिय विचार गोष्ठी आयोजना गरेको थियो ।

राष्ट्रिय सूचना आयोगका उपसचिव सीता निरौला फुयालले सञ्चालन गर्नुभएको कार्यक्रमको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्ले गर्नुभएको थियो भने सम्माननीय सभामुख अग्निप्रसाद सापकोटा प्रमुख अतिथि रहनु भएको थियो । आयोगका सचिव दिवस आचार्यले सहभागीहरूलाई स्वागत गर्नु भएको कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल कुमार दत्त, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव मनोज आचार्य, नेपाल दूरसञ्चार प्राधिकरणका निमित्त प्रमुख अर्जुन घिमिरे, नेपाल पत्रकार महासंघका पूर्व सभापति तारानाथ दाहाल, सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद वागचन्द, विभिन्न निकायका सूचना अधिकारी, नेपाल पत्रकार महासंघका प्रतिनिधि, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी र आयोगका कर्मचारीको सक्रिय सहभागिता रहेको थियो । ◆

# पूर्व सूचना आयुक्त श्री आचार्य सम्मानित

सूचना दिवसका सन्दर्भमा सूचनाको हकको संरक्षण, प्रबर्द्धन एवम् प्रचलनमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएका आयोगका पूर्व पदाधिकारीहरूमध्ये प्रत्येक बर्ष एक जनालाई सम्मान गर्ने राष्ट्रिय सूचना आयोगको निर्णय बमोजिम १६ औं राष्ट्रिय सूचना दिवसमा राष्ट्रिय सूचना आयोगका पूर्व कार्यवाहक प्रमुख सूचना आयुक्त श्री आचार्यलाई सम्मान गरियो । कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय ज्ञानेन्द्र बहादुर कार्कीबाट आचार्यलाई कदर पत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

सो क्रममा सम्मानित हुने पूर्व कार्यवाह प्रमुख सूचना आयुक्त श्री आचार्यले सूचना आयोगको पहिलो कार्यकालमा सरकारले गोप्य राखेका सूचना सार्वजनिकीकरण गर्न आदेश गर्दा र आयोग स्थापनापश्चात् भएका समस्याहरूको स्मरण गर्दै सूचनाको हक सम्बन्धी ऐन र नियमावली परिवर्तन गरेर वा गर्न खोजेर यसको




अधिकारलाई सङ्कुचन गर्न खोजिएकोमा आपत्ति जनाउनु भयो । आयोगमा रहेको सचिवको दरवन्दी कटौती गर्नु तथा सूचना आयोगलाई संवैधानिक आयोग बनाउने कुरा उठिरहेको समयमा यसका क्षेत्राधिकारलाई सङ्कुचन गराउन खोजिएको तर्फ आयोगका पदाधिकारी, आयोगका कर्मचारी, सूचनाको हकका अभियन्ता र नागरिक तहबाट पनि खवर्दारी हुनुपर्नेमा आचार्यले जोड दिनु भयो । सूचनाको हक नागरिकको मौलिक अधिकार भएको तथा सूचना दिने काम राज्यका निकायको हो भन्दै सूचनाको अधिकारको कुरा गर्दा सदैव सूचना दिने र लिने बीच समन्वय हुनुपर्ने आचार्यले बताउनु भयो ।

सूचना दिवसले सरकार र सूचना आयोगलाई आ-आफ्नो भूमिका निर्वाह गर्न प्रेरणा देओस् भन्ने भनाइ राख्दै आफ्नो कार्यकालमा आयोगको उद्देश्य परिपूर्तिमा सबैको भूमिका रहेकोले आयोगले एउटा निश्चित मापदण्ड बनाएर आफूलाई सम्मान र पुरस्कृत गरे पनि यसको हकदार त्यतिबेलाको समग्र टिम हुने विचार आचार्यले व्यक्त गर्नु भयो । ◆

# आयोगलाई संवैधानिक बनाउने प्रतिबद्धता




१६ औं राष्ट्रिय सूचना दिवसका अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सूचना दिवसको आवश्यकता र महत्वमा जोड दिंदै राष्ट्रिय सूचना आयोगलाई अझ बढी समृद्ध शक्तिशाली र बलियो बनाउनका लागि सरकारका तर्फबाट प्रतिबद्ध व्यक्त गर्नु भएको छ ।

२०७९ भादौ ३ गते १६ औं राष्ट्रिय सूचना दिवसका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा आफ्नो मन्तव्य राख्दै मन्त्री कार्कीले सूचनाको हक लोकतन्त्रको आधार स्तम्भ भएकोले यसको सम्बर्द्धनमा सरकार सदैव जिम्मेवार रहेकोमा जोड दिनु भयो । लोकतन्त्रको सुदृढीकरणका लागि सरकार जिम्मेवार र प्रतिबद्ध रहेको बताउँदै मन्त्री कार्कीले राज्य, सरकार र सार्वजनिक निकायले आफ्ना काम कारवाहीहरू खुला र पारदर्शी ढङ्गले सम्पादन गर्नुपर्ने बताउनु भयो । कानुनमा सूचनाको हक राखेर मात्र यो हक आमजनताले यसको प्रतिफल प्राप्त गर्न नसक्ने भएकोले यसका लागि राज्य/सरकार र सार्वजनिक निकाय यसप्रति जिम्मेवार हुनुपर्ने उल्लेख गर्नुभयो । सूचना दिवसलाई सार्थकता दिन आयोगलाई शक्तिसम्पन्न बनाउन सरकार प्रतिबद्ध रहेको बताउँदै मन्त्री कार्कीले आयोगले आफ्नो काम क्रियाशील ढङ्गले गर्नुपर्ने र सरकारले पनि आयोगलाई सक्दो सहयोग र संवैधानिक हैसियत प्रदान गर्नेतर्फ पनि सोच्ने भनाइ राख्नु भयो । आयोग संवैधानिक हुँदैमा मात्र योभन्दा सहज ढंगले कार्य गर्न सक्ने भन्ने होइन यसका लागि आयोगले हाल प्राप्त अधिकारहरू मार्फत आफूलाई खरो रूपमा उर्तानु पर्ने भनाइ व्यक्त गर्नुभयो ।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको दिन भदौ ३ लाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिएको प्रसङ्ग उल्लेख गर्दै नागरिक सशक्तीकरणका लागि जारी भएको ऐनको प्रयोग गरी सूचना माग गर्ने क्रम पछिल्लो समय बढिरहे पनि सूचना माग गर्नु र प्राप्त गर्नु संवैधानिक र कानुनी अधिकार हो तथा यसले सुशासन कायम गर्न मद्दत पुग्छ भन्ने विषय आमनागरिकसम्म पर्याप्त रूपमा पुऱ्याउन नसकिएको बताउनु भयो । सूचना माग गर्ने र प्राप्त गर्ने संवैधानिक हकको कार्यान्वयनका लागि ल्याइएको कानुन जारी गर्न तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने, यसको पक्षमा पैरवी गर्ने सबै पक्षबाट थप सक्रियतासहित सूचनाको हकको प्रचलन, प्रयोग र सम्बर्द्धनमा थप क्रियाशील हुनु पर्ने आवश्यकता झनै टड्कारो बनेकोमा प्रमुख सूचना आयुक्त गुरूङले जोड दिनु भयो ।

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सार्वजनिक निकायबाट सम्पादन हुने क्रियाकलापमा नागरिक सहभागिता भएकोले सार्वजनिक निकायबाट सम्पादन भएका वा हुने कार्यबारे नागरिकले जानकारी लिन सक्नु पर्ने बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले सार्वजनिक निकायबाट सम्पादन हुने यस्ता क्रियाकलापका बारेमा जान्नका लागि प्रत्येक नागरिकले सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारलाईसम्मान गर्न सार्वजनिक निकायलाई अनुरोध गर्नुभयो । सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न/गराउन सार्वजनिक निकायको भूमिका अझ महत्वपूर्ण रहने भएकोले १६ औं सूचना दिवस मनाइरहँदा पनि सूचनाको हकको कार्यान्वयनको पक्षमा अपेक्षित उत्साह नदेखिनु सुखद सङ्केत हुन नसक्ने बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले माग गरेको सूचना सहज रूपमा प्राप्त गर्दा सार्वजनिक निकायप्रति स्वाभाविक रूपमा नागरिकको धारणा सकारात्मक रहने बताउनु भयो ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राजनैतिक दल तथा नेतृत्व, सार्वजनिक निकायका पदाधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजको महत्वपूर्ण भूमिका रहने बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले आफूलाई दिइएको जिम्मेवारीमा आयोग खरो उत्रने प्रतिबद्धतासहित १६ औं राष्ट्रिय सूचना दिवसको अवसरमा शुभकामना व्यक्त गर्नु भयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद वागचन्दले १६ औं राष्ट्रिय सूचना दिवसका अवसरमा शुभकामना दिंदै यो दिनलाई सूचनाको हकको क्षेत्रको अभियानमा लागेका अभियन्ताले पनि महत्वपूर्ण रूपमा लिएको बताउनु भयो । राज्यलाई जवाफदेही बनाउन राज्यको तल्लो तहसम्म सूचनाको हकलाई क्रियाशील बनाउन अभियन्ताहरू तत्परताका साथ लागिपरेको बताउँदै नागरिकले तिरेको करबाट नागरिकले नै सुविधा पाउनु पर्ने तथा आयोगलाई स्रोतसाधनले समृद्ध र सम्पन्न बताउँदै ७ वटै प्रदेशमा विस्तार गर्नु सूचनाको हकको सवालमा अपरिहार्य रहेकोमा जोड दिनु भयो ।

नेपाल पत्रकार महासंघका सभापति विपुल

पोखरेले सूचना दिवसका अवसरमा सबैलाई शुभकामना तथा बधाइ दिँदै नेपाल पत्रकार महासंघले आफ्नो जीवन कालमा गरेको महत्वपूर्ण काममध्ये सूचनाको हकको ऐन निर्माण रहेको बताउनु भयो ।

सूचनाको हकको प्रयोग लोकतान्त्रिक शासन पद्दतिलाई जीवन्त बनाउन तथा राज्यले गरेका कामका बारेमा नागरिकले सहजरूपमा जानकारी प्राप्त हुनु रहेको बताउँदै सभापति पोखरेलले अहिलेको लोकतान्त्रिक पद्दति प्राविधिक मात्रै त होइन भन्ने प्रश्न उब्जिएको बताउनु भयो । यतिबेला लोकतन्त्रको पूर्ण आभाष आमनागरिकले पाएको र लोकतन्त्रको सही अभ्यास भएको विषयमा प्रश्न उठेको बताउँदै यी सबै विषयलाई सही रूपमा प्राप्त गर्न र उपभोग गर्न सूचनाको हकको सही प्रयोगबाट मात्र प्राप्त सम्भव हुने भएकोले आयोगलाई संवैधानिक आयोग बनाउन माग गर्नु भयो ।

कार्यक्रमका सहभागीलाई स्वागत गर्दै आयोगका सचिव दिवस आचार्यले संविधानमा मौलिक हकको रूपमा रहेको सूचनाको हकको प्रचलन र अभ्यास गर्ने कानुन जारी भएको दिनको स्मरणमा राष्ट्रिय सूचना आयोगले हरेक बर्ष राष्ट्रिय सूचना दिवस मनाउँदै आएको बताउनु भयो । संसारभरीका १४० भन्दा बढी मुलुकहरूको कुनै न कुनै रूपमा सूचनाको हकसम्बन्धी कानुनको अभ्यास गरेबाट लोकतान्त्रिक शासन व्यवस्थामा सूचनाको हकको महत्व रहेको बताउँदै सचिव आचार्यले सूचनाको हकको प्रयोगले सार्वजनिक निकायलाई नागरिकप्रति उत्तरदायी बनाउने अपेक्षासहित पारदर्शी प्रणालीले शासन व्यवस्थाप्रति जनताको विश्वास एंव अपनत्व समेत अभिबृद्धि हुने विश्वास व्यक्त गर्नु भयो ।

स्मरण रहोस्, तत्कालीन व्यवस्थापिका संसदबाट २०६४ साल साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ प्रमाणीकरण भएको थियो । ऐनको दफा १(२) मा, 'यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ' भन्ने उल्लेख भएकोले नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ साल भदौ ३ गतेदेखि प्रारम्भ भएको हो । सोही आधारमा राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष भदौ ३ गतेको दिनलाई राष्ट्रिय सूचना दिवसको रूपमा मनाउँदै आएको छ ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्को अध्यक्षता र माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा राष्ट्रिय सूचना आयोयका आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, आयोगका पूर्व प्रमुख सूचना आयुक्त र पूर्व सूचना आयुक्त, विभिन्न निकायका सूचना अधिकारी, सूचनाको हकका अभियन्ता लगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन राष्ट्रिय सूचना आयोगका उपसचिव सीता निरौला फुयालले गर्नभएको थियो । ◆

# सूचनाको हकको कार्यान्वयन परीक्षण प्रतिवेदन सार्वजनिक

सूचनाको हकको माध्यमबाट सुशासन र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने विषय विश्वका कयौं विकसित मुलुकहरूले प्राप्त गरेको उपलब्धिबाट सिद्ध भएको छ । अतः सूचनाको हकको प्रयोग गरी सार्वजनिक निकायलाई जिम्मेवार र उत्तरदायी बनाउन यसको कार्यान्वयन पनि उत्तिकै आवश्यक भएकोले आ.व.२०७७/७८ मा गण्डकी प्रदेश, मधेस प्रदेश र बागमती प्रदेशका निकायहरूमा सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षण गरी तयार पारिएको सूचनाको हकको कार्यान्वयनसम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ को सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाबाट सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर सार्वजनिकीकरण भयो ।




सो अवसरमा प्रतिवेदनमा समेटिएका विषयमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाले सङ्क्षिप्त रूपमा सार्वजनिक गर्दै आयोगले प्रथम पटक प्रदेशस्तरमा गएर सूचनाको हकको प्रचलनको परीक्षण गरिएको बताउनु भयो । प्रदेशस्तरीय प्रायः सबै निकायले सूचना अधिकारी नियुक्त गरेको, स्वतः प्रकाशनसम्बन्धी विवरण वेबसाइटमा राख्ने गरेको तथा सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखेको र तालिम केन्द्रहरूले सूचनाको हकको विषयमा तालिम पाठ्यक्रममा समावेश गरेको उल्लेख गर्दै सूचना आयुक्त ओलीले प्रदेश स्तरीय सार्वजनिक निकायहरूले राष्ट्रिय सूचना आयोगले दिएको निर्देशन पालना गरेको तथा आदेश र फैसला अनुसार सूचना दिएको पाइएको बताउनु भयो ।

प्रस्तुत परीक्षणबाट प्रदेश स्तरमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनवाट खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी शासन व्यवस्थाको जग बलियो हुने र यो कार्यवाट सुशासन कायम भई लोकतन्त्रको सुदृढीकरण हुने भएकोले नेपालको संविधानले प्रत्याभूत गरेको जनताको मौलिक हकको कार्यान्वयनवाट सरकार प्रति नागरिकको भरोसा बृद्धि हुने र नेपालको साख राष्थ्रिट्रय र अन्तरराष्ट्रिय क्षेत्रमा बृद्धि हुने अपेक्षा गरिएको बताउँदै प्रदेश स्थापना भएको केही वर्षभित्रमा नै परीक्षण गरिएका तीनवटा प्रदेशमा प्रदेशस्तरीय निकायबाट सूचनाको हकको सम्बर्द्धन र प्रचलनमा भएका कार्यको सराहना गर्दै थप प्रयासहरू गर्नुपर्ने देखिएको छ र परीक्षण गर्न वाँकी प्रदेश र स्थानीय तहहरूमा पनि आगामी दिनमा क्रमशः सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षण गरिने सूचना आयुक्त ओलीले बताउनु भयो ।

# प्रविधि निजी क्षेत्रको नियन्त्रणमा जाँदा व्यापार मात्र गर्छन् कि नागरिकको सेवा ?

सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वसभापति, फ्रिडम फोरमका प्रमुख कार्यकारी तथा सूचनाको हकका अभियन्ता तारानाथ दाहालले एक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतीकरणका क्रममा दाहालले सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तरराष्ट्रिय दिवस र यस वर्षको नारा Artificial Intelligence, e-governance& Access to information : Promotion of Right to information को विषयमा केन्द्रित रहँदै सूचनालाई आजकल तथ्याङ्कहरूमाथिको खुला सरकारको रूपमा वकालत हुन थालेको बताउनु भयो । इन्टरनेट अधिकार हो भन्नेतिर विश्व उन्मुख भएको र सेवा प्रवाहलाई सहजीकरण गराउने, नागरिक तहमा सरकारका सूचना र तथ्य तथ्याङ्क खुला र सहज रूपमा कसरी पुऱ्याउने ? नागरिकको सहज र सरल सहभागितामा कसरी बृद्धि गर्ने तथा नागरिक र सरकारबीचको दुरीलाई कसरी कम गर्ने भन्नेतर्फ सरोकारवालाको ध्यान जान जरूरी रहेको बताउँदै e-governance को अर्थ र



महत्व भन्नाले अवको सरकार चुस्त दुरूस्त (smart) र खुला (open) हुनुपर्छ भन्ने रहेको र नागरिकलाई अधिकतम् सूचना विद्युतीय माध्यमबाट समयमै खुलासा गर्नुपर्नेमा दाहालले जोड दिनु भयो ।

Artificial Intelligence को विकासक्रमका रूपमा Theory of mind को विकास, प्रयोग र अभ्यास भइरहेको उल्लेख गर्दै वैज्ञानिकहरू Self awareness तिर लागिपरेको दाहालले बताउनु भयो । AI / e-governance को विश्वसनीयता र चुनौती के-के छन् ? AI लाई कसरी जिम्मेवार बनाउने ? यो सबैको निम्ति हामीले कस्ता नीति र कानुन बनाउनु पर्ने हो भन्ने विषयमा समयमै पर्याप्त ध्यान दिन जरूरी भएको उल्लेख गर्दै नागरिकलाई प्रवाह हुने सेवा सुविधा र प्रविधि निजी क्षेत्रको नियन्त्रणमा जाँदा तिनीहरूले व्यापार मात्र गर्छन् कि आमनागरिकको सेवा सुविधा र अधिकारतिर पनि ध्यान दिन्छन् भन्ने चिन्ताको विषय रहेको दाहालले बताउनु भयो ।

विज्ञानको यो चामत्कारिक विषयप्रति चनाखो रहँदै व्यापक तयारी नगर्ने हो भने पछाडि परिने हो कि भन्ने चिन्ता जाहेर गर्दै प्रविधिसँगै नागरिकलाई पनि त्यसको सही प्रयोगप्रति सक्षम बनाउँदै लैजानु पर्नेमा दाहालले जोड दिनु भयो । AI लाई सूचनाको हकसँग जोड्दा अभिलेख व्यवस्थापनको विषयमा ध्यान दिनु जरूरी रहेको बताउँदै हाम्रो देशको सबैभन्दा ठूलो समस्या अभिलेख व्यवस्थापन पनि रहेको धारणा दाहालले राख्नु भयो । पोकामा आधारित परम्परागत अभिलेख प्रणालीलाई आर्काइभमा AI मार्फत् कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने प्रश्न गर्दै आमनागरिकको मागलाई AI मा कसरी समावेश गर्न सकिन्छ भन्नेतर्फ पनि ध्यान जान जरूरी रहेको धारणा दाहालले राख्नु भयो ।

## ‘राष्ट्रपति कार्यालयदेखि वडा कार्यालय र मातहतका सबै निकाय सार्वजनिक’

राष्ट्रिय सूचना आयोगको आयोजनामा सूचनाको हकको कार्यान्वयनका लागि दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा २०७९ भदौ ३० गते अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सो क्रममा सूचना आयुक्त रत्नप्रसाद मैनालीले राष्ट्रपति कार्यालयदेखि वडा कार्यालय मातहतका सबै निकायका सार्वजनिक निकाय भएकाले ती सबै कार्यालयका गतिविधि पारदर्शी हुनुपर्ने बताउनु भयो ।

एनजीओ/आईएनजीओ लगायत सबैका गतिविधि र तिनबाट सम्पादन हुने कार्य नागरिकको पहुँचभन्दा माथि हुन नसक्ने बताउँदै सूचना आयुक्त मैनालीले स्थानीय तह नागरिकको घरदैलोको सरकार भएको र नागरिकसँग सबैभन्दा जीवन्त सम्बन्ध हुने भएकै कारण स्थानीय तहबाट सम्पादन भएका कामका बारेमा नागरिकले नजिकबाट निगरानी गरिरहेको बताउनु भयो ।

आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना प्राप्त गर्नु नागरिकको आधारभूत अधिकार भएकोले नेपालको संविधानको मौलिक हक खण्डअन्तर्गत धारा २७ मा यसको व्यवस्था गरिएको बताउँदै मैनालीले सुशासनका लागि सूचनाको हकलाई सशक्त हतियारको रूपमा लिने गरिएको दृष्टान्तसहित उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति दोलखाका प्रमुख बर्जुराम घतानीले सूचनाको हक महत्वपूर्ण हक भएकोले यसलाई नागरिक तहसम्म पुऱ्याउन राष्ट्रिय सूचना आयोगले विशेष पहल गर्नु पर्ने उल्लेख गर्दै सूचना प्रवाहलाई सहज बनाउन सूचना अधिकारीलाई अतिरिक्त सुविधा दिनु पर्ने बताउनु भयो ।

दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाले सूचनाको हकलाई




e-governance मार्फत् सेवा प्रवाह गर्दा यसलाई विद्युतीय सुशासन तर्फ, शिक्षा, स्वास्थ्य, कृषि आदिलाई प्रविधिसँग जोड्न जरूरी रहेको तर्फ जोड दिँदै दाहालले प्रविधिको विकासलाई केवल भौतिक विकासका रूपमामात्र नलिई यो सूचना प्रविधिको विकास हो भन्ने बुझ्नु जरूरी रहेको बताउनु भयो । प्रस्तुतिका क्रममा Digital Nepal frame work ले सूचना र तथ्याङ्कको पाटोलाई भुलेको तथ्य प्रस्तुत गर्दै यसमा पुनरावलोकन हुनु जरूरी रहेको दाहालले बताउनु भयो । Digital Nepal को कुरा गर्ने, e-governance को कुरा गर्ने, इउभल नयखभचलभलत को कुरा गर्ने, Technology को कुरा गर्ने तर Right to information जान्दैनौ भने जगबिनै पूर्वाधार निर्माणको बहस गरेजस्तै हुने उहाँले बताउनु भयो ।

सूचना आयोगले मात्र यो दिवस मनाउनु पर्ने जिम्मेवारी हो जस्तो गरेर राज्य पञ्छिन खोजेको आभास भएको तथा दिगो विकास लक्ष्यको १६.१०.२ मा भएको व्यवस्थालाई पनि राज्यले आत्मसात् गर्न खोजेको नदेखिएको दाहालले औंल्याउनु भयो । च्क्ष् को मुख्य उद्देश्य भनेको पारदर्शी, उत्तरदायी र भ्रष्टाचारमुक्त सरकार सिर्जना गर्ने भएकोले यसका लागि सुसूचित र सशक्त नागरिकको आवश्यकता हुनेमा दाहालले विशेष जोड दिनु भयो ।

कार्यपत्रमाथि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल कुमार दत्त र सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद बागचन्दले टिप्पणी गर्नु भएको थियो । खुल्ला छलफलमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव मनोज कुमार आचार्य, त्रिविका नोदनाथ त्रिताल, सञ्चारकर्मीहरू ईश्वर अर्याल र किरण अधिकारी, सूचना प्रविधि क्षेत्रका विज्ञ मनोहर भट्टराई, हेमपाल श्रेष्ठ जिज्ञासासहित सुझावहरू राख्नु भएको थियो ।

सूचना प्रविधि केन्द्रका महानिर्देशक शंकर नेपालले AI देखि RTI सम्म जाँदा तथ्याङ्कहरूलाई कसरी सही ढंगले प्रयोग गर्न सकिन्छ भन्ने चुनौती रहेको उल्लेख गर्दै सूचनाहरू सकेसम्म छिटोछरितो र सर्वसुलभ ढङ्गबाट आमनागरिकको तहसम्म पुग्न सकोस्, सही सूचना र सही समाचार सही समयमा पुऱ्याउनका लागि पूर्वाधारको विकास गर्न जरूरी भएको र यसतर्फ नीतिगत र प्रक्रियागत भूमिका निर्वाह गर्न मन्त्रालय तत्पर रहेको धारणा व्यक्त गर्नुभयो ।

नेपाल दूरसञ्चार प्राधिकरणका निमित्त प्रमुख अर्जुन घिमिरेले प्रविधिको विकासका लागि पूर्वाधार महत्वपूर्ण भएकोले प्रविधिमार्फत् आएका सेवासुविधालाई आमनागरिकमाझ लैजान प्राधिकरणले पूर्वाधार विकासका लागि प्रयास गरिरहेको बताउनु भयो । विश्वभर उपलब्ध नवीनतम प्रविधिको सहज उपयोगको वातावरण निर्माण गर्न, ग्रामीण क्षेत्रमा रहेका आममानिसले समेत सुलभ दरमा गुणस्तरीय सेवा उपभोग गर्न सक्ने वातावरण तयार पार्न तथा सेवाको अनुचित प्रयोगवाट हुन सक्ने अपराध/विकृति रोक्न पनि प्राधिकरणले भूमिका निर्वाह गर्दै आएको बताउनु भयो । ◆



कार्यान्वयन गर्न र सरोकारवालासम्म पुऱ्याउन आफूले सकेको गरिरहेको बताउँदै सूचना प्रवाहलाई छिटोछरितो र सर्वसुलभ बनाउनु पर्नेमा जोड दिनु भयो ।

आयोगका सचिव दिवस आचार्यले सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था तथा आयोगबाट सम्पादन भएका कार्यमा केन्द्रित रही कार्यपत्रसहित मन्तव्य राख्नु भएको कार्यक्रमको अध्यक्षता सूचना आयुक्त रत्नप्रसाद मैनालीले गर्नु भएको थियो । आयोगका उपसचिव विश्ववन्धु पौडेलले सहभागीलाई स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन आयोगका अधिकृत राजन पाण्डेले गर्नुभएको थियो ।

# ‘गैरसरकारी संस्थाले सूचना नदिए पुनरावेदन गर्नुस्, आयोगले दिलाउँछ’



सूचना आयुक्त रत्नप्रसाद मैनालीले कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सूचनाको हकसम्बन्धी कानुनको दायराभन्दा बाहिर नरहेको बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगको आयोजनामा सूचनाको हकको कार्यान्वयनका लागि सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा २०७९ भदौ ३१ गते आयोजित अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनालीले गैरसरकारी संस्थाले पनि कानुनको पालना गर्नु पर्ने उल्लेख गर्दै कानुनको पालना नगरे उन्मुक्ति नपाउने बताउनु भएको हो ।

पारदर्शिता र सुशासनबारे सिकाउन आएका गैरसरकारी संस्थाले कानुनको पालना नगरी सूचना नदिए राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरे आयोगले सूचना उपलब्ध गराउने प्रतिबद्धता सूचना आयुक्त मैनालीले व्यक्त गर्नु भयो । कानुन सबैलाई बराबर हुने बताउँदै सूचना आयुक्त मैनालीले गैरसरकारी संघसंस्थाले सूचना लुकाउन नमिल्ने र त्यस्ता सबै संघसंस्थाले पनि सूचना अधिकारी तोक्नुपर्नेमा जोड दिँदै सूचना लुकाउने र सूचनाको दुरुपयोग गर्नेलाई कानुन बमोजिम सजाय हुने बताउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्र कुमार पोखरेलले गैरसरकारी संघसंस्थामा आर्थिक पारदर्शिता नभएको उल्लेख गर्दै सेवामूलक संस्थाका सञ्चालक नाफामुखी भएको बताउनु भयो । गैरसरकारी संघसंस्थाले सामाजिक काममा आएको पैसा कुन-कुन काममा कति-कति खर्च गरे भन्ने कुराको जानकारी नदिई



“ कीर्ते कागजात बनाएर अपारदर्शी काम गर्ने संघसंस्थालाई राज्यले कानुनको दायरामा ल्याउनुपर्नेमा पनि उहाँले जोड दिनु भयो ।

# सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको मस्यौदा तयार

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ मा रहेको सूचनादाताको संरक्षण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयनका लागि नियमावली बनाउन आवश्यक भएको सन्दर्भलाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले गत वर्ष सरोकारवालाहरूसँगको राय तथा पृष्ठपोषण, गोष्ठी, सर्वसाधारणको प्रतिक्रियासमेत लिई अन्तिम रूप दिइएको सूचनादाताको संरक्षण (Whistleblower's Protection) सम्बन्धी नियमावलीको मस्यौदा आयोगको २०७९ भदौ १६ को बैठकले स्वीकृत गरी नेपाल सरकारसमक्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् स्वीकृतिका लागि पेश गरेको छ ।

पछिल्लो अवधिमा सार्वजनिक निकायमा भएको वा भइरहेको अनियमितताका घटना बारेका सूचना बाहिर ल्याउँदा सार्वजनिक निकायबाट कारवाही भएको कारणबाट सूचनादाताले आयोगमा उजुरी गरेको अवस्था छ । यसरी प्राप्त उजुरीलाई छानवीन गरी निर्क्योलमा पुर्‍याउन नियमावली हुँदा सहज हुने महसुस गरी आयोगले गत वर्षको



सूचना लुकाउने गरेको प्रसङ्ग उल्लेख गर्दै नगरप्रमुख पोखरेलले गरिबको भत्किएका घर र च्यातिएका लुगाको नाममा त्यस्ता संस्थाले करोडौँ रकम असुल्ने गरेको बताउनु भयो । कीर्ते कागजात बनाएर अपारदर्शी काम गर्ने संघसंस्थालाई राज्यले कानुनको दायरामा ल्याउनुपर्नेमा पनि उहाँले जोड दिनु भयो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव दिवस आचार्यले सूचनाको हकसम्बन्धी ऐनमा भएको कानुनी व्यवस्था तथा व्यावहारिक प्रयोगको विषयसहित कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रमेश न्यौपाने, नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, पत्रकार र सूचना हकका अभियन्ताहरूको सहभागिता थियो । आयोगका अधिकृत जीवन कुँवरले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव विश्ववन्धु पौडेलले सहभागीलाई स्वागत गर्नु भएको थियो । सो कार्यक्रममा ६७ जनाको सहभागिता रहेको थियो । ◆

---

वार्षिक कार्यक्रममा नै मस्यौदा तयार गर्ने समावेश गरेको थियो । सोही अनुरूप तयार भएको मस्यौदाउपर पटकपटकको छलफल, पृष्ठपोषण कार्यक्रम तथा वेबसाइटमा राखी सार्वसाधारणको प्रतिक्रिया लिई अन्तिम रूप प्रदान गरिएको हो ।

मस्यौदामा १४ बुँदा समावेश छन् । परिभाषा, सूचना दिनु पर्ने, सूचना गोप्य राख्नु पर्ने, उजुरी दिन सकिने, उजुरीमा खुलाउनुपर्ने, उजुरी दर्ता, छानवीन कार्यविधिजस्ता विषयहरू मस्यौदा नियमावलीमा समावेश छन् । ◆

# सूचना नदिने त्रिवि परीक्षा नियन्त्रकलाई २० हजार जरिवाना

रौतहट जिल्ला, मलोहिया-५ निवासी राजीब दासले माग गरेको सूचना उपलब्ध नगराउने त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका परीक्षा नियन्त्रक पुष्पराज जोशीलाई राष्ट्रिय सूचना आयोगले २० हजार रूपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ । सूचना मागकर्ता दासले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार माग गरेको सार्वजनिक सरोकारको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका परीक्षा नियन्त्रकलाई विपक्षी बनाई आयोगसमक्ष २०७८/११/०४ मा पुनरावेदन गर्नु भएको थियो ।

त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरू सम्पन्न गरिसक्नु पर्ने अवधि सम्बन्धी निर्णय वा नियमको प्रमाणित प्रतिलिपि र चिकित्सा शिक्षा, इन्जिनियरिङ तथा कृषि र पशु विज्ञानसम्बन्धी शैक्षिक कार्यक्रमहरूको पनि सम्पन्न गरिसक्नु पर्ने अवधिसम्बन्धी निर्णय वा नियमको प्रमाणित प्रतिलिपिको माग गर्दै दासले आयोगसमक्ष पुनरावेदन गर्नु भएको थियो । पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउनु नपर्ने भए लिखित जवाफ पेश गर्न अन्यथा सूचना उपलब्ध गराउन आयोगबाट विपक्षी कार्यालय प्रमुखका नाममा पटक-पटक आदेश र पत्राचार भए पनि पुनरावेदकले माग गरेको सूचना उपलब्ध नगराएपछि र सूचना उपलब्ध गराउनु नपर्नाको कारण पनि पेश नगरेपछि २०७९ साउन ५ गते बसेको आयोगको इजलाशले विपक्षी कार्यालय प्रमुख जोशीलाई सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ (१) अनुसार २० हजार रूपैयाँ जरिवाना हुने निर्णय गरेको हो ।

मुद्दा नं. ८४५/०७८/७९ रहेको सो पूनरावेदनउपर निर्णय गर्दै आयोगले भनेको छ, 'सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रूपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रकलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन ।यसर्थ, नागरिकको संबिधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रक, पुष्पराज जोशीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिमरू. २०,०००।- (बीस हजार रूपैयाँ मात्र) जरिवाना हुने ठहर्छ ।'

आयोगको सोही इजलाशले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन, त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउन तथा त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रक, पुष्पराज जोशीलाई विभागीय कारबाही गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (३) बमोजिम जानकारी आयोगलाई गराउन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउनसमेत आदेश गरेको छ । ◆

# सकारात्मक भूमिकाका लागि नागरिक समाजलाई आग्रह

Nepal Peoples Forum 2022 on SDG 16+ अन्तर्गत फ्रिडम फोरमले आयोजना गरेको Access to Information and Fundamental Freedoms कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग मुख्य वक्ताका रूपमा सहभागी हुनुभयो । साउन २० गते काठमाडौंमा सम्पन्न सो क्रममा संवैधानिक र कानुनी रूपमा नागरिकलाई प्रत्याभूत भएको सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगले गरिरहेका प्रयासमा नागरिक समाजको सकारात्मक सहयोग तथा भूमिकाका लागि आयोगका प्रमुख सूचना आयुक्त गुरूङ्गले आग्रह गर्नुभयो ।



कार्यक्रममा फ्रिडम फोरमका प्रमुख कार्यकारी तारानाथ दाहालले सूचनाको हकको कार्यान्वयनको अवस्था, चुनौति र अवसरका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने SDG National Network Coordinator दयासागर श्रेष्ठले कार्यक्रमको महत्वमाथि प्रकाश पार्नु भएको थियो । सो क्रममा सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचन्दले स्थानीय तहमा सूचनाको हकको कार्यान्वयन कमजोर भएकोले थप कार्य गर्नु पर्ने विचार व्यक्त गर्नु भएको थियो भने फ्रिडम फोरमका पोलिसी एड्भाइजर कृष्ण सापकोटाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सूचनाको हकको कार्यान्वयनमा रहेका चुनौतिबारे उल्लेख गर्नु भएको थियो । ◆

## माध्यमिक तहमा सूचनाको हक समावेश गर्न पाठ्यक्रम विकास केन्द्र सकारात्मक

सूचनाको हकलाई माध्यमिक तहको पाठ्यक्रमा समावेश गर्न पाठ्यक्रम विकास केन्द्र सकारात्मक देखिएको छ । माध्यमिक तहको पाठ्यक्रमा सूचनाको हकलाई कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा २०७९ भदौ १६ गते राष्ट्रिय सूचना आयोगमा भएको छलफलका क्रममा कक्षा १२ को सामाजिक विषय पाठ्यक्रममा र अन्य कक्षामा समेत सुशासन विषयभित्र सूचनाको हक पाठ्यसामग्रीका रूपमा समावेश गरिएको पाठ्यक्रम विकास केन्द्रका निर्देशक बैकुण्ठप्रसाद अर्यालले जानकारी दिनु भयो ।

सूचनाको हकलाई माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्दा प्रत्येक वर्ष ५ लाखभन्दा बढी विद्यार्थीलाई सूचनाको हकको प्रयोग गर्ने कानुनी प्रक्रिया तथा यसको प्रयोगबाट सुशासनमा पुग्न सक्ने योगदानबारे सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिन सकिने भएकोले पाठ्यक्रममा समावेश गर्न अपरिहार्य रहेको र त्यसका लागि पाठ्यक्रम विकास केन्द्रसँग आवश्यक सहकार्य गर्न आयोग तयार रहेको प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङले सो क्रममा उल्लेख गर्नु भयो ।




सो छलफलपछि सूचनाको हकसम्बन्धी शिक्षक-स्रोत सामग्रीलाई अद्यावधिक गर्ने र शिक्षकहरूलाई उपलब्ध गराउन व्यवस्था मिलाउने, कक्षा ८ को सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको पाठ्यपुस्तकमा कम्तिमा पनि एउटा पाठमा सूचनाको हकसँग सम्बन्धित विषय समावेश गर्ने तथा शिक्षकलाई प्रदान गरिने तालिम कार्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाउने विषयमा सहमति भएको छ ।

छलफल कार्यक्रममा सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली तथा आयोगका सचिव दिवस आचार्य र अन्य कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । ◆

# सूचनाको हकको प्रचललनका लागि केन्द्रीय समन्वय एकाइको निर्देशन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एवम् केन्द्रीय समन्वय एकाइका संयोजक सूर्यप्रसाद गौतमको अध्यक्षतामा २०७९ भदौ २८ गते एकाइको बैठक बसी विभिन्न ८ निर्णय गरेको छ ।

बैठकले राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा औंल्याइएका तथा सुझाव पेश गरिएका विषयमध्ये तत्काल कार्यान्वयन गर्न सकिने विषय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकायलाई अनुरोध गरेको छ । त्यसैगरी आयोगका लागि छुट्टै भवन वा जग्गाका लागि आवश्यक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सहजीकरण गर्ने, कानुनबमोजिम गोप्य राख्नुपर्नेबाहेक सबै मन्त्रालय, विभाग, कार्यालय, निकायले कार्यालयसँग सम्बन्धित सबै सूचनामा सूचना अधिकारीको सहज पहुँचको व्यवस्था मिलाउनु पर्ने, सूचना अधिकारी नतोकेका सार्वजनिक निकायले सूचना अधिकारी तोकी निजको नाम, थर, पद। सम्बपर्क नम्बर, कोठा नम्बर र इमेलसहितको विवरण कार्यालयको वेबसाइट र मूल प्रवेशद्वारमा सबैले देख्ने गरी राख्न, सूचनाको हक कार्यान्वयन निर्देशिका, २०७६ ले तोकेबमोजिम कतिपय प्रदेश तथा जिल्लास्तरीय अनुगमन एकाइहरू नतोकेको पाइएकोले तत्काल अनुगमन एकाइ गठन गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने लगायतका निर्णयहरू पनि सो बैठकले गरेको छ । बैठकले गरेको निर्णय कार्यान्वयनका लागि राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालयलगायत नेपाल सरकारका सबै मन्त्रालय, सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, महान्यायाधीवक्ताको कार्यालय लगायत विभिन्न आयोग र निकायलाई पनि पठाइएको छ । ◆

# कर्मचारीको अवकाश/सरुवा/पदस्थापना



राष्ट्रिय सूचना आयोगमा कार्यरत सचिव भागीरथ पाण्डेय २०७९ साउन १० गतेदेखि लागु हुने गरी अनिवार्य अवकाश हुनु भएको छ भने सचिवको रूपमा दिवस आचार्य मिति २०७९ साउन १६ देखि आयोगमा पदस्थापना हुनु भएको छ ।

साउन १६ गते नै शाखा अधिकृत शालिकराम भट्टराई पदस्थापना हुनु भएको छ भने कम्प्युटर अपरेटरका रूपमा पप्पु यादव २०७९ साउन ३० गते पदस्थापना हुनु भएको छ । यस अवधिमा आयोगमा कार्यरत नायव सुब्बा हेमन्त रिज्याल २०७९ साउन २ गतेबाट गृह मन्त्रालयमा सरूवा हुनु भएको भने यसै अवधिमा लेखा अधिकृत विदुर प्रसाद भण्डारी २०७९ असोज १ मा र शाखाअधिकृत कुलचन्द्र पराजुली २०७९ असोज ५ गतेदेखि पदस्थापना हुनु भएको छ । कम्प्युटर इन्जिनियर राजन पाण्डे भूमि सुधार तथा सहकारी मन्त्रालय र कम्प्यूटर अपरेटर पप्पु यादव सहकारी विभागमा २०७९ असोज १३ गते सरूवा भई जानुभएको छ । ◆

# सूचनाको हकको प्रवर्द्धनका लागि

## अभिमुखीकरण कार्यक्रम



सूचनाको हकको कानुनको व्यावहरिक प्रयोगका लागि अभियन्ता उत्पादन गर्ने अभियानमा लागेको सूचनाको हकका लागि राष्ट्रिय महासंघले भदौ २५ गते एक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकको कानुनको महत्व र यसको प्रयोगले आमनागरिकलाई पुग्न सक्ने फाइदा र राष्ट्रिय सूचना आयोगले खेलेको भूमिकाबारे चर्चा गर्नु भएको थियो ।

अभिमुखीकरण कार्यक्रमको सूचनाको हकका लागि राष्ट्रिय महासंघका राष्ट्रिय अध्यक्ष उमीद बागचन्दले सहजीकरण गर्दै यसरी गरिने कार्यक्रमहरूले सूचनाको हकको प्रवर्द्धन र व्यवहारिक रूपमा प्रयोगमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । यस कार्यक्रमपछि सूचनाको हक प्रयोग गरेर सूचना मागकर्ताको सङ्ख्यामा बढोत्तरी हुने विश्वास महासंघले लिएको अध्यक्ष वागचन्दले बताउनु भयो ।

महासंघको केन्द्रीय कार्यालय अनामनगरमा आयोजना गरिएको सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहभागीले आफूहरूले पहिलो पटक सूचनाको हकबारे जान्ने मौका पाएको र सूचना माग गर्न सहज हुने पनि विश्वास गर्नु भएको छ ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघले आगामी दिनमा हरेक महिनामा २ पटक यस किसिमको सूचनाको हकसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने जनाएको छ ।

# सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस विविध कार्यक्रमका साथ मनाइयो

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८) असोज १२ गते राजधानी उपत्यकासहित देशका विभिन्न स्थानमा मनाइयो । सूचनाको हकका लागि राष्ट्रिय महासंघले काठमाडौं, नेपालगञ्ज, सुर्खेतलगायत देशका विभिन्न स्थानमा प्रभातफेरि, अन्तरक्रिया, कोणसभा र सडक सूचना प्रवाह कार्यक्रम आयोजना गरी मनाएको छ ।




नयाँ बानेश्वरमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले आयोजना गरेको सडक सूचना प्रवाह कार्यक्रममा महासंघका केन्द्रीय अध्यक्ष उमीद बागचन्दले जनताको अनुहारमा खुशी ल्याउने सूचनाको हकको अभियानलाई यस किसिमका कार्यक्रमले टेवा पुऱ्याउने बताउनु भयो । अन्तर्राष्ट्रिय थाहा पाउने दिवशको अवसरमा आयोजित कार्यक्रममा फ्रिडम फोरमका कृष्ण सापकोटा, डाक्टर विजय मिश्र र नेपाली उपभोक्ता संरक्षण महासंघका अध्यक्ष चन्द्र साउद लगायतले सूचनाको हकको महत्व र यसको प्रयोगले पार्ने प्रभावबारे चर्चा गर्नुभएको थियो । काठमाडौंमा आयोजित कार्यक्रम बानेश्वरमा सडक सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रमको सञ्चालन अभियन्ता नोदनाथ त्रितालले गर्नु भएको थियो ।

यसै सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्लाको पनौति नगरपालिकामा अन्तरक्रियात्मक रूपमा सो दिवस मनाइयो । काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको अध्यक्षतामा पनौति नगरपालिकाको सभा हलमा सम्पन्न सो कार्यक्रममा पनौति नगरपालिकाका नगरप्रमुख रामशरण भण्डारी, उपप्रमुख गिता बञ्जारा, सहायक प्रमुख जिल्ला अधिकारी अमरदिप सुनुवारलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा नगरपालिकाका मातहतका कार्यालयका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, जिल्लाका सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि तथा नागरिक समाजका अगुवाको सक्रिय सहभागिता रहेको थियो ।

यसैगरी गोरखा जिल्लामा पनि सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस असोज १२ गते मनाइएको छ । जिल्ला प्रशासन कार्यालय गोरखाद्वारा सदरमुकाममा आयोजित सो कार्यक्रम प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा जिल्लाका सहायक प्रमुख जिल्ला हधिकारी चित्राङ्गत बराल, नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष नरहरि सापकोटा, जिल्लास्थित सञ्चारकर्मी तथा सूचना अधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

सोही दिन जिल्लास्थित कार्यालयका सूचना अधिकारीहरूको बैठक बसरी लिखित तथा

# राष्ट्रिय सूचना दिवस भव्यताका साथ मनाइयो





राष्ट्रिय सूचना दिवशको अवसरमा २०७९ भदौ ३ गते सूचनाको हकका लागि राष्ट्रिय महासंघ, जिल्ला शाखा जाजरकोट र नेपाल पत्रकार महासंघ जाजकोटको सहकार्यमा राष्ट्रिय सूचना दिवश भव्यताका साथ मनाइएको जानकारी प्राप्त भएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य खड्क बिसी, प्रमुख जिल्ला अधिकारी राम बहादुर शाही, जिल्लामा रहेका जनप्रतिनिधिहरू, नेपाल पत्रकार महासंघ जिल्ला अध्यक्ष बालकुमार शर्मा, जनपद र सस्शत्र प्रहरी बलका जिल्ला प्रमुख, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, कार्यालय प्रमुख, नागरिक समाजका जिल्ला

मौखिक सूचना मागकर्ताको अभिलेख राख्ने, सूचना उपलब्ध गराएको वा नगराएको प्रगति विवरण राष्ट्रिय सूचना आयोगमा पठाउने निर्णय गरिएको छ । बैठकले सूचना मागकर्तालाई सकेसम्म छिटो सूचना उपलब्ध गराउने, स्वतः प्रकाशन नियमित गर्ने, वेबसाइटलाई अद्यावधिक गर्नेलगायतका निर्णय पनि गरेको छ ।

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसकै सन्दर्भमा रुकुम पूर्व जिल्लामा पनि कार्यालय प्रमुख तथा सूचना अधिकारीहरूको बैठक बसी विभिन्न निर्णय गरिएको छ । रुकुम पूर्वका सहायक प्रमुख जिल्ला अधिकारी हिरालाल आचार्यको अध्यक्षतामा सम्पन्न सो बैठकमा प्रमुख जिल्ला अधिकारी तुलाराज सुनुवार र सञ्चारकर्मीहरूको पनि सहभागिता रहेको थियो ।

सूचनामा विश्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय डोटीले जिल्लास्थित विभिन्न कार्यालयका सूचना अधिकारी तथा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया आयोजना गरेको छ । सो अवसरमा डोटीका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले सार्वजनिक सरोकारका हरेक सूचनामा आमनागरिकको सहज पहुँच हुनुपर्ने



बताउँदै सूचना पाउने हक सबैलाई समान भएकोले सूचनाको सहज पहुँचमा जोड दिनु भयो । सहभागीहरूले डोटी जिल्लाका स्थानीय तहहरूमा सूचना व्यवस्थापनको अवस्था राम्रो नभएको, सूचना माग गर्दा समयमा, सूचना तथा जवाफ नआउने, स्थानीय सरकारले नियमित रूपमा गर्नुपर्ने सूचनाहरूको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यमा ढिलासुस्ती हुने गरेको गुनासो गर्नुका साथै स्थानीय सरकारले सूचना व्यवस्थापनको पाटोलाई चुस्तदुरुस्त बनाउन आवश्यक रहेको सुझाव दिनु भएको थियो ।

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस नेपालगञ्जमा पनि मनाइएको छ । सो अवसरमा युवा विद्यार्थीहरूलाई सूचनाको हकका बारेमा अभिमुखीकरण गराइएको छ । सूचना र मानव अधिकार अनसन्धान केन्द्र नेपालगन्जको आयोजनामा लोटस इंग्लिस मिडियम हाई स्कुलका कक्षा ९ र १० का विद्यार्थीहरूलाई सूचनाको हक बारेमा जानकारी गराइएको छ ।

अभिमुखीकरणमा अधिबक्ता सुदिप भटराई, सूचना अभियन्ता राकेश मिश्र, रविन्द्र ज्ञवाली र शैलेन्द्र कुमार बैश्यले सूचनाको हक भनेको के हो, यसको प्रयोग, फाइदा, सार्वजनक निकाय, सूचना दिने लिने प्रक्रिया, राष्ट्रिय सूचनाको काम कर्तव्य अधिकार, सार्वजनिक सरोकारका सवाल लगायतका बारेमा जानकारी गराउनु भएको थियो ।

संस्थाका उपाध्यक्ष कृष्णमुरारी प्रसाद भट्टको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रबन्ध निर्देशक राजिबराज शर्मा, प्रिन्सिपल तपन शर्माले सूचनाको हकका बारेमा बोल्दै विद्यालयले सूचनाको हकलाई पूर्ण पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै विद्यालयका सम्पूर्ण क्रियाकलाप पारदर्शी रूपमा सबैलाई जानकारी गराउने बताउनुभयो । अनुशिक्षणमा करिब ४० जना विद्यार्थीको सहभागिता रहेको थियो । ◆

संयोजक राजेन्द्रविक्रम शाह, नेपाल रेडक्रस सोसाइटी जिल्ला सभापति हरिबहादुर बस्नेत, एमनेस्टी इन्टरनेशनल जिल्ला शाखा संयोजक खम्बजङ्ग शाह, मालिका कलेज, युनिभर्सल कम्प्युटर विद्यार्थी लगायत २ सय ५० भन्दा बढीको सहभागितामा राष्ट्रिय सूचना दिवस भव्यताका साथ सम्पन्न भएको सूचनाको हकका अभियन्ता गणेश बानियाँले जानकारी दिनु भएको छ ।

प्रभातफेरिसहित जाजरकोट जिल्लाको सदरमुकाम ठाँटीबाट सुरू भएको कार्यक्रम गैरीखालीमा पुगेपछि कोणसभामा परिणत भएको थियो । कार्यक्रममा सूचनाको हकसम्बन्धी गीत, सफलताका कथा, सूचनाको हकको प्रयोगको इतिहास, सूचना अधिकारीसँग सूचना माग गर्ने, कार्यालय प्रमुखकोमा उजुरी गर्ने र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन कसरी गर्ने भन्ने विषयमा जानकारी दिइएको थियो । ◆

# 'पारदर्शिताका लागि सूचनाको हक महत्वपूर्ण माध्यम'

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस २०२२ को अवसरमा फ्रिडम फोरमले आयोजना गरेको नेपालमा वित्तीय पारदर्शिता र खुला बजेट सर्वेक्षण २०२१ कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो । सो अवसरमा खुला बजेट सर्वेक्षणबाट नेपालमा देखिएका कमीकमजोरी सच्याउँदै अधिकतम् पारदर्शितामा जानुपर्ने र यसका लागि सूचनाको हक एउटा महत्वपूर्ण माध्यम हुन सक्छ भन्ने विचार प्रमुख सूचना आयुक्त गुरूङ्गले व्यक्त गर्नु भयो ।

कार्यक्रममा फ्रिडम फोरमका प्रमुख कार्यकारी तारानाथ दाहालले खुला बजेट सर्वेक्षणले नेपालको अवस्था चित्रण गरेको र सरकारले सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान भएको हुँदा त्यसतर्फ काम गर्नु पर्ने सुझाव राख्नु भयो । असोज ११ गते काठमाडौंमा




आयोजित सो कार्यक्रम फ्रिडम फोरमका अध्यक्ष हरिबिनोद अधिकारीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा सरकारी तथा गैरसकारी क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो । ◆

# आयोगका बैठकका निर्णयहरु

**बैठक नं. २७५(३)३५**
**मिति २०७९।०४।०५**

निर्णय

१. आयोगको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आयोगका शाखा प्रमुखहरूको आ-आफ्नो शाखाको विवरण तयार गरी यही साउन २० गतेभित्र प्रारम्भिक मस्यौदा तयार गरी सम्बन्धित आयुक्त समक्ष पेश गर्ने निर्णय भयो ।

२. आयोगमा वार्षिक कार्यक्रम अनुसार प्राप्त हुन आएका अध्ययन प्रतिवेदनहरूको प्रतिलिपि प्रमुख आयुक्त र आयुक्तहरूको अध्ययनको लागि योजना शाखाले उपलब्ध गराउने ।

३. आयोगले विगत वर्षका वार्षिक प्रतिवेदनहरूमा दिइएका सुझावहरूको प्रगति सम्बन्धित सार्वजनिक निकायबाट माग गर्ने र सोहीबमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्ने । योजना शाखमार्फत पत्राचार गर्ने ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईहरूबाट प्रगति विवरण हालसम्म प्राप्त भएको नदेखिँदा पुनः पत्राचार गर्ने निर्णय भयो ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) मा गरिएको सार्वजनिक निकायको परिभाषाको बुँदा ५ मा प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन सार्वजनिक निकाय भएको उल्लेख गरेको छ । सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनेको छ भने उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ । दफा ४ मा सार्वजनिक निकायको दायित्व बारेमा उल्लेख गरिएको छ भने दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ भनिएको छ । त्यस्तै दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भनी व्यवस्था भएको छ ।

प्रचलित कानून बमोजिम दर्ता भएका राजनीतिक दलहरूको वेवसाइट अध्ययन गर्दा धेरै राजनीतिक दलहरूले सूचनाको हक पालनामा उदासिनता देखाएको पाइन्छ । २०६२ सालको जनआन्दोलन पश्चात बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसदले नागरिकको हक बलियो बनाउन र सार्वजनिक निकायहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन आवश्यक ठानी २०६४ सालमा सूचनाको हकसम्बन्धी कानून निर्माण गरेको हो । यो कानून जारी गर्नमा राजनीतिक दलहरूको सबैभन्दा बढी भूमिका रहेको छ । यस अर्थमा पनि राजनीतिक दलहरूले यस कानूनको प्रभावकारी कार्यान्वयन गर्दा अन्य सार्वजनिक निकायलाई पनि सुशासन र पारदर्शिताका लागि सूचनाको हकको कार्यान्वयन प्रति जिम्मेवार बनाउन सघाउ पुग्ने विषयमा द्विविधा हुन सक्दैन । समुन्नत र सुशासनयुक्त नेपाल निर्माणका लागि पनि सूचनाको हकसम्बन्धी कानूनको पालनाले महत्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वास आयोगले गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विगतमा यस आयोगले राजनीतिक दलहरूसँग अन्तरक्रिया, प्रशिक्षण, छलफलका माध्यमबाट तथा लिखित आदेश मार्फत पनि सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन गर्न उत्प्रेरित गरेको हो । देशलाई नेतृत्व दिन, समृद्ध बनाउन, नागरिकलाई बलियो बनाउन प्रतिबद्ध राजनैतिक दलहरूको सूचनाको हक कार्यान्वयनमा राजनीतिक दलहरूको प्रतिबद्धताको अहम् र अग्रणी भूमिका रहन्छ भन्ने पनि आयोगको ठहर रहेको छ ।

तसर्थ, प्रचलित कानून बमोजिम दर्ता भएका सबै राजनीतिक दलहरूलाई विगतमा भएका आदेशहरूको स्मरण गराउँदै देहाय बमोजिम गर्न गराउन लेखी पठाउने निर्णय गरेको छः

१) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नं. सार्वजनिक गर्ने ।

२) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने ।

३) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने ।

४) सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरल रूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

६. असार २६ गते दष्शउबतषअफमा "सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन,

सुशासनको खिल्ली" शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ । विभिन्न निकायका पदाधिकारीसँग प्रतिकिया पनि लिएर राखिएका छन् ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ । सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरू माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध गराउन पनि भनिएको छ । सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ ।

स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, देहायका निकायहरूका प्रमुखका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहाय बमोजिम गर्न गराउन आदेश जारी गर्ने । साथै, सबै सार्वजनिक निकायलाई पनि यो व्यवस्था पालना गर्न गराउन संघीय सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिवमार्फत, प्रदेश अन्तर्गतका सार्वजनिक निकायका हकमा मुख्यमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिवमार्फत र स्थानीय तहका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत कार्यान्वयन गर्न गराउन लेखी पठाउनेः

क. निकायहरु
१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
२. यातायात व्यवस्था विभाग,
३. शिक्षा मन्त्रालय,
४. वैदेशिक रोजगार विभाग,
५. नेपाल विद्युत प्राधिकरण
६. कृषि तथा पशुपंक्षी मन्त्रालय,
७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,
८. राहदानी विभाग,
९. रक्षा मन्त्रालय,
१०. कम्पनी रजिष्ट्रारको कार्यालय,
११. सडक विभाग ।

ख. सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेश द्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

७. यस वर्षको आयोगको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सुझाव तालीका तयार गरी योजना र प्रशासन शाखाले अर्को बैठकमा पेश गर्ने ।

८. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७६(३)३६
## मिति २०७९।०४।२४

निर्णय

१. यस आयोगका पूर्व सचिव श्री भागिरथ पाण्डेय निजामती सेवाबाट अवकाश हुनु भएको र निजले निजामती सेवामा रही पुऱ्याउनु भएको योगदान तथा यस आयोगमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद सहित शुभकामना दिने र हाल सरूवा भई आउनु भएका सचिव श्री दिवस आचार्यलाई स्वागत गर्ने ।

२. यस वर्षको वार्षिक प्रतिवेदन तयारी गर्ने सम्बन्धमा सचिवालयबाट प्राप्त भएको प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिन सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा आयोगका उपसचिव र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधि (अधिकृतस्तर) समेत सदस्य रहने गरी समिति गठन गरी १५ दिनभित्र मस्यौदा तयार गरी पेश गर्ने निर्णय भयो ।

३. यस वर्षको सूचना दिवस आगामी भाद्र ३, २०७९ मा मनाउने सन्दर्भमा छलफल भयो । सचिवालयले दिवसका लागि आवश्यक तयारी गर्ने निर्णय भयो ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईबाट प्राप्त प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदनमा समावेश गर्ने र आउन बाँकी इकाईहरूलाई पुनः ताकेता गर्ने ।

५. संघीय, प्रदेश तथा स्थानीय निकाय अन्तर्गतका सबै तालीम प्रदायक संस्थाहरूले तालीम सम्बन्धी पाठ्यक्रम बनाउँदा सूचनाको हकसम्बन्धी व्यवस्था पनि समावेश गर्ने सहमति भएकोमा सबै तालीम प्रदायक संस्थाहरूबाट निश्चित ढाँचामा प्रगति तथा आगामी योजना माग गर्ने ।

६. बागमती प्रदेशमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अघिल्लो बैठकबाट छुट्टै आदेश भैसकेको हुँदा केही समयपछि ताकेता गर्ने ।

७. आयोगको वार्षिक कार्यक्रम अनुसार प्राप्त अध्ययन प्रतिवेदन सम्बन्धमा छलफल भयो ।

८. आयोगका पूर्व पदाधिकारीले सूचनाको हक कार्यान्वयन लगायत यस क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान र कदर गर्न पूर्व पदाधिकारीहरु मध्येबाट प्रत्येक वर्ष राष्ट्रिय सूचना दिवसका अवसरमा एक जना पूर्व पदाधिकारीलाई सम्मान गर्ने निर्णय भयो ।

९. यस वर्षको राष्ट्रिय सूचना दिवसको अवसरमा पूर्व सूचना आयुक्त श्री श्रीआचार्यलाई सम्मान गर्ने निर्णय भयो ।

१०. अन्य विविध विषयमा छलफल भयो ।

**बैठक नं. २७७(३)३७**
**मिति २०७९।०४।३१**

निर्णय

१. आयोगको वार्षिक प्रतिवेदन तयारीको प्रारम्भिक मस्यौदा तयार भएको तर पूर्ण मस्यौदा तयार गर्न आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझाव समेत परिमार्जन गरी पूर्ण मस्यौदा तयार गर्ने कार्य भाद्र मसान्तभित्र सम्पन्न गर्ने । सो कार्यको लागि सम्पूर्ण व्यवस्थापन सचिवालयले मिलाउने ।

२. विविध विषयमा छलफल भयो ।

बैठक नं. २७८(३)३८
मिति २०७९।०५।१६

निर्णय

१. सूचनाको सर्वव्यापी पहुँच सम्बन्धि अन्तर्राष्ट्रिय दिवस (२८, सेप्टेम्बर) मनाउने सन्दर्भमा आगामी हप्ता सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, यूनेस्कोका प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल महासंघ, कम्प्युटर एशोसिएशन अफ नेपाल समेतको तयारी बैठक राखी छलफल गर्ने ।

२. सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको मस्यौदालाई आयोगको २०७९।०३।१९ को बैठकको निर्णय अनुसार सुझाव प्राप्त गर्न ३० दिनको समय तोकि वेवसाइटमा राखिएकोमा कुनै सुझाव प्राप्त भएको नपाइएको हुँदा आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्राप्त सुझावलाई मस्यौदामा समावेश गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि पठाउने ।

३. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजनाको मस्यौदामा सुझाव प्राप्त गर्नको लागि आयोगको वेवसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रकृया अघि बढाउने । साथै उक्त रणनीतिमा राय/सुझाव भए उपलब्ध गराइदिन सञ्चार मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. वार्षिक प्रतिवेदन तयारी गर्ने सन्दर्भमा प्रारम्भिक मस्यौदा प्राप्त भयो । आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझावलाई समावेश गरी तिव्ररूपमा तयारी गर्ने कार्यमा एकजना कर्मचारीलाई दैनिक रूपमा खटाई भाद्र मसान्तभित्र वार्षिक प्रतिवेदनको कार्य सम्पन्न गर्ने ।

५. आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई निश्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन आवश्यक भएको सन्दर्भमा निम्न बमोजिम गर्न गराउन निर्वाचन आयोगमा सुझाव पठाउने,

(क) निर्वाचनका लागि उम्मेदवारले पेश गर्ने मनोनयन पत्र तथा संलग्न कागजातहरू सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

(ख) निर्वाचन सम्पन्न भए पश्चात कानून बमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

६. (क) राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोग बिचमा भएको समझदारी पत्र एवं कार्यान्वयन गर्ने कार्य योजनाको समीक्षा गरियो । उक्त समझदारी पत्रमा उल्लेख भए बमोजिम एक जना सम्पर्क व्यक्तिको रूपमा आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायलाई तोक्ने ।

(ख) श्रीलंका र भारतको सूचना आयोगसँग आपसी समझदारी गर्ने सम्बन्धमा आवश्यक तयारी गर्ने ।

(ग) भारतमा सूचनाको हकको अभ्यासको जानकारी उपयोगी हुने हुँदा आयोगका पदाधिकारी एवं कर्मचारीहरूलाई अवलोकनको व्यवस्था मिलाइ दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

(घ) सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सञ्जाल (ICIC) को चार्टर संशोधनको संलग्न प्रस्तावलाई ICIC मा पठाउन अनुमोदन गर्ने ।

**सम्पादक मण्डल** : रत्नप्रसाद मैनाली (सूचना आयुक्त), दिवस आचार्य (सचिव), हरिहर कार्की (शाखा अधिकृत)
**सल्लाहकार** : महेन्द्रमान गुरुङ (प्रमुख सूचना आयुक्त), कमला ओली थापा (सूचना आयुक्त)

**प्रकाशक**
**राष्ट्रिय सूचना आयोग**
देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२